म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १३४ सोमबार ११ पुस २०७९ ने. सं. ११४३ पोहेलाख्व 26 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बार एसोसिएसनमा बस्नेतको नेतृत्व

हेटौंडा, १० पुस/मकवानपुर जिल्ला अदालत बार एसोसिएसनको अध्यक्षमा अप्सरा बस्नेत विजयी भएकी छन् । अध्यक्ष पदका लागि निवर्तमान अध्यक्ष ऋषि केबी र बस्नेतको उम्मेदवारी परेको थियो । केबीलाई ३ मतले पराजित गर्दै बस्नेत अध्यक्षमा निर्वाचित भएकी हुन् । नवनिर्वाचित बस्नेतले १३ मत पाएकी थिइन् केबीले १० मत ल्याएका थिए । उपाध्यक्षमा जयराम सुवेदी चयन भएका छन् । सुवेदीले बुद्धि ढकाललाई पराजित गरे । सचिव पदमा कृष्ण प्रसाद छत्कुली र शान्ति माया मुक्तानले समान १२-१२ मत पाएका थिए । बराबर मत आएपछि आधा-आधा कार्यकाल (एक-एक वर्ष) सचिवको भुमिका निर्वाह गर्ने सहमती भएको छ । कोषाध्यक्षमा राधाकृष्ण मैनाली (आर.के.) विजयी भएका छन् । सहसचिवमा रमिता चौलागाई लगायत सदस्यहरु जगनाथ सुवेदी, पंकज अधिकारी र दिपेन्द्र ढकाल तथा पार्षदमा अजिमर केसी र उत्तम बस्नेत सर्वसम्मत चयन भएका छन् ।

बागमतीमा पनि फेरियो दलहरुको समीकरण

फेरि एमाले र माओवादीकै सरकार

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा बागमती प्रदेशसभामा सबैभन्दा ठुलो दल बनेको नेपाली कांग्रेस अन्तत: प्रतिपक्षमा बस्ने भएको छ ।

सत्तारुढ गठबन्धनमा भागबण्डाको विषयमा सहमति नजुटेपछि माओवादी केन्द्र आइतबार एकाएक एमालेसँग मिल्न पुगेपछि कांग्रेसले संघमा मात्र नभई बागमती सहित सात वटै प्रदेशमा पनि सत्ता बाहिर बस्नुपर्ने अवस्था निम्तिएको हो । आइतबार दिउँसो एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जसपा नेपाल, जनमत पार्टीको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सरकार नयाँ गठबन्धनको सरकार बनेको छ । संघमा कांग्रेस नेतृत्वको गठबन्धन भत्किएर नयाँ गठबन्धन बनेसँगै बागमती प्रदेशमा पनि दलहरुको समिकरण फेरिएको छ ।

पहिलाको गठबन्धन यथावत रहेको स्थितीमा बागमती प्रदेश सरकारको नेतृत्व नेपाली कांग्रेसले पाउने सम्भावना प्रबल थियो । तर, केन्द्रमा पूरा गठबन्धन भत्किएर नयाँ गठबन्धन बनेसँगै बागमती प्रदेश सरकारको नेतृत्व गर्ने कांग्रेसको सपना चक्नाचुर भएको छ । बागमती प्रदेशको पहिलो कार्यकालमा पनि सबैभन्दा पहिला एमाले र माओवादीको नेकपा नेतृत्वमा सरकार बनेको थियो । पाँच वर्षपछि प्रदेशसभाको दोस्रो कार्यकालमा पनि बागमती प्रदेशमा एमाले र माओवादीकै सरकार बन्ने भएको छ ।

गठबन्धनबाट कांग्रेस बाहिरिएसँगै ११० सदस्यीय बागमती प्रदेशमा एमालेसहितको गठबन्धनको सहजै बहुमत पुग्ने देखिन्छ । यो प्रदेशमा सामान्य बहुमतका लागि कम्तीमा ५६ सांसद आवश्यक हुन्छ । यहाँ एमालेको २७, माओवादी केन्द्रको २१ र राप्रपाको १३ सांसद छन् । यी ३ दलको मत जोड्दा बागमती प्रदेशमा नयाँ गठबन्धनसँग ६१ मत पुग्छ । जुन सरकार गठनको लागि पर्याप्त हो । गठबन्धन नै परिवर्तन भएसँगै बागमती प्रदेशको मुख्यमन्त्री बन्ने दौडबाट कांग्रेसको ईन्द्र बानियाँ र बहादुर सिंह लामा आउट भएका छन् भने एमालेको जेएन थपलिया ईन भएका छन् ।

यी हुन् मुख्यमन्त्री बन्ने सम्भावितहरु

बागमती प्रदेशसभाको दोस्रो ठूलो दल नेकपा एमालेले हालसम्म संसदीय दलको नेता चयन गरेको छैन । संसदीय दलको नेता मुख्यमन्त्री बन्ने हुँदा एमाले बागमती प्रदेशमा अब बन्ने दलको नेता मुख्यमन्त्री बन्नेछन् । केहिबेर अघिसम्म प्रदेशसभामा प्रमुख प्रतिपक्षी दलको भूमिका निभाउने मनस्थितीमा रहेको एमालेमा दलको नेता सर्वसम्मत रुपमा चयन गर्ने तयारी थियो । एमालेको केन्द्रीय सदस्य समेत रहेका प्रदेशसभा सदस्य जेएन थपलिया संसदीय दलको नेतामा सर्वसम्मत रुपमा चयन हुने सम्भावना थियो । तर, अब एमाले सरकारमा सहभागी हुँदै सत्तापक्ष बनेपछि एमाले बागमती प्रदेशको दलको नेता बन्ने आकांक्षी पनि बढेको एमालेको सांसदहरु बताउँछन् । 'नेपालको राजनीतिले कतिबेला यूटर्न लिन्छ थाहा हुँदैन । केहिबेर अघिसम्म हामी प्रतिपक्षीको मनस्थितीमा थियौ । अहिले सत्तापक्ष बनेका छौं, प्रदेश सरकारको नेतृत्वमा एमालेको पनि दावी रहन्छ । संसदीय दलको नेता मुख्यमन्त्री बन्ने हुँदा दलको नेतामा आकांक्षी बढ्न सक्नुहुन्छ', एमालेको एक सांसदले भने । ती सांसदले अरु आकांक्षी पनि हुनसक्ने बताएको भएपनि एमालेमा मुख्यमन्त्रीको प्रमुख दावेदारको रुपमा थपलिया नै देखिन्छन् । बागमती प्रदेशको पूर्वमुख्यमन्त्री डोरमणी पौडेलको राजनीतिक सल्लाहकारसमेत बनिसकेका थपलिया एमाले अध्यक्ष केपी ओलीको प्रिय पात्रसमेत हुन् । थपलिया मुख्यमन्त्री बन्नकै लागि प्रदेशसभा सदस्यमा निर्वाचन लडेको समेत चर्चा छ ।

प्रदेशसभाको तेस्रो दल रहेको नेकपा माओवादी केन्द्रमा भने दुईजना आकांक्षी छन् । माओवादी केन्द्रमा पनि संसदीय दलको नेता बन्दै मुख्यमन्त्री बन्न दुईजना दाबेदारको रुपमा देखिएका छन् । माओवादीको बागमती प्रदेशको संसदीय दलको नेता हुन शालिकराम जमकट्टेल र समल सहयात्री पौडेलबीच प्रतिस्पर्धा हुने देखिएको छ । एकले अर्कोलाई सजिलै छाड्ने स्थिति नभएपछि चुनावसमेत हुन सक्ने सांसदहरूले बताएका छन् । यसअघि दलको नेता जमकट्टेल भइसकेकाले यस पटक पौडेलले आफू हुतुपर्ने दाबी प्रस्तुत गरेका छन् । पौडेल माओवादीको बागमती प्रदेश अध्यक्ष समेत रहेकाले उनी आफू दलको नेता बन्दै मुख्यमन्त्री बन्नुपर्ने बताउँछन् । प्रदेशसभाको पहिलो कार्यकालमा दलको नेता, सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्री र आर्थिक मामिला तथा योजनामन्त्री बनिसकेका जमकट्टेल दोस्रो कार्यकालमा आफूले मुख्यमन्त्री बन्न पाउनुपर्ने दाबी गरिरहेका छन् ।

१३ सदस्यसहित प्रदेश सभाको चौथो दल रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी प्रदेशसभामा पहिलो पटक सत्तापक्ष बनेको छ । यसअघि पहिलो कार्यकालमा दुई जना समानुपातिक सांसद रहेको राप्रपा पाँच वर्ष प्रतिपक्षी दलको रुपमा रहेको थियो । तर, प्रदेशसभाको दोस्रो कार्यकालमा दुई सिटलाई १३ बदलेको राप्रपा माओवादी नेतृत्वको गठबन्धनबाट सत्तापक्ष बनेको छ । केन्द्रमा सरकारमा सहभागी भएपनि प्रदेश सरकारका भने राप्रपा सहभागी नहुने भएको छ ।

प्रदेश संरचना खारेजीको माग उठाउँदै आएको राप्रपा प्रदेशमा सरकार बनाउन माओवादी नेतृत्वको गठबन्धनलाई समर्थन गर्ने तर सरकारमा भने सहभागी नहुने राप्रपा बागमती प्रदेश अध्यक्ष समेत रहेका प्रदेशसभा सदस्य विक्रम थापा बताउँछन् । योसँगै ७ वटा दलको प्रतिनिधित्व रहेको बागमती प्रदेशमा ४ वटा दल प्रतिपक्षीको भुमिकामा रहने भएको छ । ३७ सिट रहेको नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी रहने भएको छ भने ७ सिट रहेको नेकपा एकिकृत समाजवादी, ३ सिट रहेको नेमकिपा र २ सिट रहेको हाम्रो नेपाली पार्टी प्रतिपक्षी बन्ने भएको छ ।

बागमतीमा दलहरुलाई नेता छान्न हम्मेहम्मे

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुलाई संसदीय दलको नेता छान्नै हम्मेहम्मे परिरहेको छ ।

४ मंसिरमा भएको निर्वाचनबाट बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्न आएका दलहरुलाई संसदीय दलको नेता चयन गर्न मुस्किल परेको हो । दोस्रो कार्यकालको बागमती प्रदेशसभामा ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकिकृत समाजवादी, नेपाल मजदूर किसान पार्टी र हाम्रो नेपाली पार्टीको प्रतिनिध्तव छ । प्रदेशसभाको निर्वाचन सम्पन्न भएको डेढ महिना पुग्न लाग्दासम्म दलहरुले संसदीय दलको नेता छान्न सकेका छैनन् ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने सानादेखी ठुला दलहरुलाई संसदीय दलको नेता छान्नै सकस परिरहेको हो । संसदमा रहेको दलहरुमध्ये विशेषगरि नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रलाई दलको नेता छान्न सकस परिरहेको छ । प्रदेशसभामा रहेका कुनैपनि दलले हालसम्म नेता चयन गर्न सकेको छैन । बागमती प्रदेशसभाको सबैभन्दा ठुलो दल बनेको सत्तारुढ गठबन्धनको घटक नेपाली कांग्रेसमा दलको नेता सर्वसम्मत रुपमा चयन हुन नसक्दा निर्वाचन नै हुने भएको छ । कांग्रेस संसदीय दलको नेतामा कांग्रेस केन्द्रीय सदस्य नुवाकोट जिल्ला प्रतिनिधिसभा क्षेत्र २ (ख)बाट निर्वाचित बहादुर सिंह लामा र कांग्रेस बागमती प्रदेशका सभापति मकवानपुर प्रतिनिधिसभा निर्वाचन क्षेत्र २ (ख)बाट निर्वाचित इन्द्रबहादुर बानियाँको दावी छ । सस्थापन पक्षका यी दुबै नेता दावेदारीबट पछि नहटेपछि कांग्रेसले पुस १३ गते निर्वाचनबाटै संसदीय दलको नेता छान्ने भएको हो । निर्वाचनको प्रक्रिया भने १२ गतेदेखि सुरु हुने जनाइएको छ । कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितिले निर्वाचन समितिसमेत गठन गरी प्रक्रिया सुरु गरिसकेको छ । पटक/पटक संसदीय दलको नेताको विषय सर्वसम्मतिमा टुक्र्याउने प्रयास असफल भएपछि समितिले निर्वाचनबाटै दलको नेता छान्ने निर्णय गरेको हो । संसदीय दलको नेताको निर्वाचनका लागि कांग्रेस प्रदेश उपसभापति चन्द्र

महर्जनको संयोजकत्वमा समिति गठन गरिएको छ । उक्त समितिको सदस्यहरुमा महामन्त्री राजु श्रेष्ठ, सहमहामन्त्री ऋषिराम घिमिरे, सदस्य गंगा दाहाल र सानु श्रेष्ठ छन् । प्रदेशसभाको दोस्रो ठुलो दल एमालेले दलको नेता सर्वसम्मत रुपमा चयन गर्ने तयारी गरेको छ । एमालेको केन्द्रिय सदस्यसमेत रहेका प्रदेशसभा सदस्य जेएन थपलिया संसदीय दलको नेता बन्ने सम्भावना छ । उनीबाहेक एमालेमा अरुले खुलेर दावी नगरेको बुझिएको छ । पुस १४ गते बस्ने एमालेको संसदीय दलको बैठकले सर्वसम्मत रुपमा दलको नेता चयन गर्ने जनाइएको छ ।

प्रदेशसभाको तेस्रो दल समेत रहेको गठबन्धनको घटक माओवादी केन्द्रले पनि दलको नेता चयनका लागि मिति तोक्न सकेको छैन । माओवादीबाट दलको नेता बन्नको लागि दुईजनाले दावी गरिरहेका छन् । माओवादीले सर्वसम्मत रुपमा दलको नेता चयन गर्ने प्रयास गरिरहेको भएपनि शालिकराम जमकट्टेल र सरल सहयात्री पौडेल दुवै आफ्नो दावेदारीबाट पछि हटेका छैनन् । अन्तिम समयसम्म दुईजनामध्येक एकजनालाई ब्याक गराएर सर्वसम्मत रुपमा दलको नेता चयन गर्ने माओवादीको तयारी छ । तर,दुवैजना पछि हटने सम्भावना नदेखिएको हुँदा माओवादीलाई दलको नेता छान्न सकस पर्ने देखिन्छ । माओवादीका सांसद युवराज दुलालको अनुसार पुसको १५/१६ गते बस्ने दलको बैठकले सर्वसम्मत चयन गर्न नसके निर्वाचन गरेर दलको नेता छान्ने जानकारी दिए ।

प्रदेशसभाको चौथो दल राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले दलको नेता छान्ने विषयमा खास चासो देखाएको छैन । राप्रपाले हालसम्म दलको नेता चयनको विषयमा छलफल नभएको बताइरहेको छ । राप्रपामा पनि दलको नेता चयन सहज नभएकोले बाहिर ल्याउन नचाहेको सोही पार्टीको सांसदहरु बताउँछन् । जसले गर्दा प्रदेशको चौथो ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टीमा संसदीय दलको नेताका लागि हालसम्म कुनै चर्चा चलेको छैन । राप्रपा बागमती प्रदेश समितिका एक नेताका अनुसार राप्रपाले शथपग्रहण अगाडि नै दलको नेता छान्ने तयारी भने आन्तरिक रुपमा गरिरहेको छ । गठबन्धनकै अर्को दल नेकपा एकीकृत समाजवादीले सर्वसम्मत रुपमा दलको नेता चयन गर्ने तयारी गरेको छ । ७ जना मात्रै प्रदेशसभा सदस्य रहेको समाजवादीले यसअघि दलको उपनेता भइसकेका कृष्ण प्रसाद शर्मा खनालललाई सर्वसम्मत रुपमा दलको नेत ।चयन गर्ने तयारी गरेको बुझिएको छ । यद्यपी पुस १४ गते प्रदेशसभा सदस्यहरुको शपथग्रहणपछि मात्रै दलको नेता को बन्ने भन्ने टुंगो लाग्ने उनै खनाल बताउँछन् । शपथग्रहणपछि मात्रै दलको बैठक बसेन नेता चयनको विषयमा छलफल हुने भन्दै उनले अरुको पनि दावी रहे नरहेको बैठकमा आउने बताए । नेमकिपाले पनि सांसदहरुको शपथ ताका नै दलको नेताको विषय टुंग्याउने भएको छ । सानो दल भएकाले सर्वसम्मत रुपमा दलको नेता चयन गर्ने तयारी रहेको सो पार्टीका सांसद सुरेन्द्रराज गोसाँई बताउँछन् । ३ जना प्रदेशसभा सदस्य रहेको नेमकिपाले पार्टीको निर्णय अनुसार दलको नेता छान्ने उनले जानकारी दिए । प्रदेशसभाको पहिलो कार्यकालमा पनि दलको नेता बनेका गोसाँई नै पुन: दलको नेता बन्न सक्ने जनाइएको छ । दुईजना प्रदेशसभा सदस्य रहेको हाम्रो नेपाली पार्टीले पनि दलको नेता शपथ ग्रहणपछि चयन गर्ने भएको छ ।

दाहाल तेस्रो पटक प्रधानमन्त्रीमा नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/प्रधानमन्त्री पदमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नियुक्त भएका छन् । आइतबार साँझ राष्ट्रपति विद्यादेवी भण्डारीले दाहाललाई नियुक्त गरेकी हुन् । संविधानको धारा ७६ को (२) अनुसार दाहाललाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् ।

दाहालले दोस्रो ठूलो दल नेकपा एमालेसहित सात दल र ३ स्वतन्त्र गरी १६९ सांसदको समर्थन जुटाएर प्रधानमन्त्रीका लागि राष्ट्रपति समक्ष दाबी पेस गरेका थिए ।

यससँगै तेस्रोपटक प्रधानमन्त्री बनेका दाहालले सोमबार पद तथा गोपनीयताको शपथ ग्रहण गर्ने भएका छन् । राष्ट्रपति कार्यालयले प्रधानमन्त्रीको शपथ सोमबार ४ बजे तय गरेको राष्ट्रपतिका प्रेस विज्ञ टीका ढकालले जानकारी दिए । दाहाल यसअघि २०६५ र २०७३ मा ९/९ महिनाको अवधि प्रधानमन्त्री बनेका थिए ।

को हुन् दाहाल

कक्षा १० मा पढ्ने बेलादेखि राजनीतिक चासो राखेका दाहाल २०२८ सालमा कम्युनिस्ट पार्टीमा आबद्ध भएका थिए । २०४२ सालमा नेकपा मशालको पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्य बने । २०४६ सालको जनआन्दोलन अघि मशालको महासचिव बने । २०५२ साल फागुन १ गतेबाट सुरु भएको तत्कालीन नेकपा माओवादीको जनयुद्धको नेतृत्व गरेका दाहाल २०५८ मा नेकपा माओवादीको अध्यक्ष भए भने २०५८ मा जनमुक्ति सेनाको सर्वोच्च कमान्डर पनि बने । त्यसयता लगातार पार्टी नेतृत्वमा रहेका दाहाल २०७५ सालमा एमालेसँगको पार्टी एकीकरणपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को अध्यक्ष पनि बने ।

संसदीय यात्रा

पहिलो संविधानसभा २०६४ मा रोल्पा र काठमाडौं १० बाट निर्वाचित भएका दाहाल दोस्रो संविधानसभा २०७० मा सिरहा ५ बाट जिते । २०७४ सालमा प्रतिनिधिसभा सदस्यमा चितवन ३ बाट निर्वाचित भएका दाहाल यसपटक गोरखा-२ पुगेर त्यहाँबाट जितेर आए ।

माओवादी शान्ति प्रक्रियामा आएपछि पहिलोपटक भएको संविधान सभाको चुनावमा माओवादी ठुलो भएपछि २०६५ सालमा नौ महिना प्रधानमन्त्री भए । २०७३ सालमा उनी पुन: प्रधानमन्त्री बनेका थिए । पहिलो र अहिले तेस्रोपटक प्रधानमन्त्री बन्दा दाहालको मूल सत्ता साझेदार एमाले बनेको छ । दाहाल दोस्रोपटक प्रधानमन्त्री हुँदा उनको मुख्य सत्ता साझेदार दल कांग्रेस थियो ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगान हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगान हुँदै हेटौंडा सम्म

सम्पर्क:

९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

साझाकुरा

हाम्रो कुरा

प्रचण्डलाई चुनौतीका चाङ

नयाँ राजनीतिक समीकरण बनेसँगै नेपालको प्रधानमन्त्रीमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नियुक्त भएका छन् । बाम-लोकतान्त्रिक गठबन्धन फुटेसँगै एमालेसहितको ७ दल र ३ स्वतन्त्र सांसदसहितको नयाँ गठबन्धनबाट प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री बनेका हुन् । प्रचण्डलाई प्रधानमन्त्रीमा माओवादीसहित, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र राष्ट्रिय उन्मुक्ति पार्टी तथा ३ जना स्वतन्त्र सांसदले समर्थन गरेका छन् ।

प्रतिनिधसभामा निर्वाचनमा कुनै पनि एक दलको बहुमत नआएकाले राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) अनुसार मिलीजुली सरकार बनाउन आइतबार बेलुकी ५ बजेसम्मको समय दिएकी थिइन् । समय अगावै प्रचण्डलाई १ सय ६९ सांसदको समर्थमा राष्ट्रपति भण्डारीले प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् । नयाँ सरकारको नेतृत्व लिएसँगै प्रचण्डलाई राजनीतिकदेखि मुलुकको अर्थतन्त्रसम्मका चुनौती सामुन्ने आएको छ । अस्थिर सरकारका कारण जनता आजित भएका बेला उनलाई पाँच वर्षसम्म राजनीतिक सहमतिअनुसार स्थिरता दिलाउनुका साथै संकटमा रहेको अर्थतन्त्र उकास्न उनमा चुनौती देखिएको हो । आर्थिक मन्दीका कारण उद्योग, कलकारखाना, हरेक व्यापार व्यवसाय मन्दगतीमा छन् । उद्योगीदेखि व्यवसायीहरु आन्दोलनमा रहेका बेला उनलाई निकास दिनु प्रमुख चुनौतीको रुपमा देखिएको छ । जब की कर्मचारीलाई तलब खुवाउनसमेत सरकारलाई हम्मेहम्मे परेको अर्थविद्हरु बताइरहेका छन् । प्रचण्डलाई कर्मचारीलाई तलब खुवाउनसमेत चुनौती देखिएको छ । आय र व्ययबीचको असन्तुलनले प्रशासनिक खर्च धान्नसमेत सरकारले नसकेको अवस्थामा र माओवादीकै अर्थमन्त्री भएको समयमा ओरालो लागेका आर्थिक सूचकहरु उठाउन उनलाई चुनौती देखिएको हो ।

कर्मचारीलाई नियमित तलब खुवाउनसमेच चिन्ता गर्नुपर्ने अवस्थामा सरकार पुगेकोले उनलाई संकट पनि देखिएको छ । त्यति मात्र नभई बाह्य शक्तिहरुको चलखेलबाट बचेर मुलुकलाई सबै खाले विकासमा नयाँ गतिमा लैजानु पर्ने दायित्व प्रचण्डमाथि छ । प्रमुखत: उनलाई नयाँ गठबन्धनमा रहेका ७ वटा दल र ३ स्वतन्त्र सांसदबीचको सन्तुलन मिलाउँदै सरकार सञ्चालनमा विगतको नजिरलाई हेर्दा चुनौती देखिएको छ । सरकारको काम, कारबाहीबाट जनतामा दलहरुप्रति उत्पन्न वितृष्णाबाट पनि बचाउनुपर्ने जिम्मेवारी प्रचण्डकै काँधमा छ । विगतमा तत्कालीन नेकपा फुटाएर कांग्रेससहितको गठबन्धन बनाएका प्रचण्ड पुन: एमालेसँगै मिल्न आएर प्रधानमन्त्री बने । एमालेबाट विभाजन गराएर आफूसँगै लगेका माधव नेपाललाई पुरानै गठबन्धनमा छोडेर उनी सरकारको नेतृत्व गर्न आइपुगेका छन् । जसले प्रचण्डको राजनीतिक चतुर्याईले आगामी दिनमा पनि सरकारले स्थिरता पाउनेप्रति विश्वास गर्न कठिनाई देखिएको छ । जसकारण पाँच वर्षे स्थिर सरकार बनाइराख्न उनलाई थप चुनौती छ । पुरानै राजनीतिक दुर्घटनाले जन्माएको राजनीतिक अस्थिरतालाई उनले कति हटाउन सक्छन् त्यो आगामी वर्षमा थाहा नै हुनेछ । तर, जनताको इच्छा, चाहना र भावनालाई बुझेर प्रचण्डले काम गर्नुपर्ने देखिएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेड्क्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १२ गते मंगलबार २७ डिसेम्बर २०२२ । चतुर्थी पौष शुक्लपक्ष । पोहेलाथ्व, ११४३ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:१५ । मंगल चतुर्थी ब्रत ।

आजको राशिफल

मेष	: व्यापारमा फाइदा मिल्नेछ	तुला	: प्रतिष्ठित काम पाइनेछ
वृष	: इनाम हात पर्नेछ	वृश्चिक	: सामाजिक दायित्व बढ्नेछ
मिथुन	: श्रम खेर जानेछ	धनु	: काममा सहयोग मिल्नेछ
कर्कट	: पढाइमा प्रगति हुनेछ	मकर	: अनावश्यक खर्च हुनेछ
सिंह	: उत्साहमा कमी आउनेछ	कुम्भ	: चिताएको काम बन्नेछ
कन्या	: आफन्तबाट धोका हुनेछ	मीन	: नसोचेको फाइदा पाइनेछ

स्तरीय शिक्षाको सबालमा युएनको दृष्टिकोण

✍ रमेश प्रसाद लामिछाने

१. स्तरीय शिक्षाको सबाल आम शैक्षिक सरोकारवर्गको चासो र चिन्ताको विषय बनेको तथ्यमा कसैको बिमती छैन । सरकार, शिक्षा स्तरीय हुनुपर्छ भन्दै आएको छ । अभिभावक, स्तरीय शिक्षालाई नै जोड दिन्छन् । विद्यार्थी, स्तरीय शिक्षा हासिल गर्नमा नै चाहना राख्छन् । शिक्षक, आफूले सिकाउने शिक्षा स्तरीय सीपसंग जोड्नै पर्छ भन्नेमा दृढ छन् । स्तरीय शिक्षालाई प्रत्येक वर्ग र तहका विद्वान विज्ञजनहरुले आ-आफ्नो कोणबाट विभिन्न कालखण्डमा तत्कालिन परिवेश अनुसार परिभाषित गर्ने र व्याख्या गर्ने परम्परा स्मरणीय छ । कसैले अधिक विद्यार्थी भएको संस्थालाई स्तरीय शिक्षा कारक हो भनेको पाईन्छ भने कसैले विद्यार्थी संख्या जतिसुकै होस, ती सबैको एसएलसी वा एसईई परीक्षामा डिभिजन अर्थात ग्रेड वा जीपीए उच्च हुनु नै स्तरीय शिक्षा भनिरहेका छन् । यहि कुरो उच्च शिक्षाको हकमा पनि देखिएको छ । कसैले शिक्षाको निश्चित तह पार गरे पछि सहजै रोजगारमा जोडिने शिक्षा नै स्तरीय शिक्षा पनि भनेको भेटिएको छ । कसैले उच्च सर्टिफिकेट नै स्तरीय शिक्षा भनिरहँदा कोहि भने ज्ञान र सीपलाई जोड दिँदै डिग्रीका प्रमाणपत्रलाई गौण भनिरहेका छन् । यस सबालमा अरु धेरै तर्क बितर्क भएका छन् । विभिन्न विचारहरु सुन्न र पढ्न पाईन्छ । तै पनि सारमा भने अधिकांश विज्ञहरु एकै बिन्दुमा भेट भएको तथ्य स्विकार्नै पर्दछ ।

२. संयुक्त राष्ट्र संघको महत्वपूर्ण एजेन्सी अर्थात अंग युनीसेफ अन्तर्गत शिक्षा पर्दछ । संगै, यो संस्थाले दिर्घकालीन/दिगो विकासका लक्ष्यहरुको चौथो क्रममा शिक्षालाई महत्वका साथ स्थान दिएको छ । स्तरीय शिक्षालाई युनिसेफले तपसिलका पाँच बुँदाहरुको स्तरीयतामा जोड दिँदै आफ्नो दृष्टिकोण प्रस्तुत गरेको छ ।

क. विद्यार्थी- स्तरीय शिक्षाको पहिलो फ्याक्टर विद्यार्थी नै हुन् । सर्वप्रथमत: विद्यार्थी सिक्न तत्पर हुनैपर्छ । यो पहिलो शर्त हो । विद्यार्थी शारीरिक तथा मानसिक रुपले सिकाई प्रति आकर्षित बन्नै पर्छ । उनीहरुको स्वस्थता संग यो सबाल जोडिएको छ । स्तरीय विद्यार्थीबाट मात्र स्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । स्वस्थ विद्यार्थी जो केहि न केहि सीप सिक्न सदैव तत्पर रहन्छन् तिनीहरु नै स्तरीय विद्यार्थी मानिन्छन् र उनीहरु नै स्तरीय शिक्षाका हकदार बन्दछन् । विद्यार्थीको सिकाई प्रतिको तत्परता महत्वपूर्ण सबाल हो । विद्यार्थीले खाना पाएको छैन, लगाउने कपडा छैन, बस्ने बासको संकट छ र थप अझ अस्वस्थ छ भने ती विद्यार्थीका लागि पढ्ने र सीप सिक्ने कुरा गौण हुनु अन्यथा होईन ।

ख. वातावरण- स्तरीय शिक्षाका लागि दोश्रो महत्वपूर्ण पक्ष शैक्षिक वातावरणमाथि लिईएको छ । विद्यार्थीका लागि शिक्षा हासिल गर्ने उपयुक्त वातावरण बनाउनु पर्दछ । शैक्षिक वातावरणको अभावमा स्तरीय शिक्षा सम्भव हुँदैन । पढाई तथा सिकाईका लागि आवश्यक सबै कुराहरु शैक्षिक वातावरण अन्तर्गत पर्दछन् । शिक्षण संस्था रहेको स्थान, संस्थाको भौतिक अवस्था, आवश्यक शैक्षिक सामग्रीहरु, फर्निचर, खेलमैदान, पुस्तकालय, ल्याब, शौचालय, पिउने पानी, खेल सामग्री, कम्पाउण्ड, नर्स, यातायातको अवस्था, विद्युत, आदि संस्थागत वातावरणका पक्षहरको अधिक चर्चा भैरहँदा विद्यार्थीको घरको पढ्ने सिक्ने वातावरणलाई ओझेलमा पारेको देखिन्छ । आमा बाबु तथा अभिभावकवर्गको घरायसी वातावरणले विद्यार्थीको पढ्ने सिक्ने अवस्था निर्धारण गर्दछ । जबकि कुनै पनि विद्यार्थीले विद्यालयमा भन्दा घरमै कंरिब दुई गुणा बढि समय व्यतित गर्दछ ।

ग. विषयवस्तु- स्तरीय शिक्षाका लागि स्तरीय पाठ्यक्रम अर्को अनिवार्य शर्त हो भनिएको छ । निश्चय नै पढ्ने पढाउने विषयवस्तु वा सिक्ने सिकाउने सीप स्तरीय छैन भने स्तरीय शिक्षा हुन सक्दैन । कक्षागत वा तहगत पाठ्यक्रम सान्दर्भिक र वैज्ञानिक हुनै पर्दछ । विद्यार्थीको रुची र राष्ट्रको आवश्यकता संगै विश्व बजारमा सहज र समान हुने पाठ्यक्रम नै स्तरीय शिक्षाका आधार बन्न सक्छन् ।

विषयवस्तु संग शिक्षक र विद्यार्थीका आचरण तथा नैतिक व्यवहारका प्रसंगहरु पनि जोडिएका हुन्छन् । यिनै कुराहरुलाई पाठ्यक्रमले निर्दिष्ट गरेका सीप सिकाईका विषयवस्तुहरु स्तरीय शिक्षाका रुपमा लिने गरिएको छ । साक्षरता पहिलो विषयवस्तु बन्न सक्छ । संगै ज्ञान र सीपलाई सम्वन्धित पाठ्यक्रमको अभिन्न अंगको रुपमा लिनै पर्दछ । स्तरीय पाठ्यक्रमले नै स्तरीय विषयवस्तु प्रस्तुत गर्ने हो । स्तरीय विषयवस्तु बाटै स्तरीय ज्ञान र सीप फैलिने तथ्यमा बिमति छैन । नाईजेरियाका प्राथमिक तह उत्तीर्ण विद्यार्थीहरु साक्षर बन्न नसक्नु पनि पाठ्यक्रमको स्तर कमजोर भएको निष्कर्ष पाईएको छ ।

घ. प्रक्रिया- शिक्षण सिकाई प्रक्रिया संग जोडिएको महत्वपूर्ण पक्ष भनेकै शिक्षक तथा शिक्षण संस्थाको अवस्था भन्ने बुझिन्छ । स्तरीय शिक्षाका लागि स्तरीय शिक्षक हुनै पर्दछ । यसमा दुईमत छैन । पेशा प्रतिको जवाफदेहिता र ईमान्दारिता संगै लगनशीलता शिक्षकका आवश्यक गुण हुन् । योग्य, दक्ष र सक्षम शिक्षक नै स्तरीय शिक्षकका पहिचान हुन् । शिक्षक स्तरीय भए मात्र शिक्षण सिकाई प्रक्रिया स्तरीय हुन्छ । तब, स्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । सिकाई प्रक्रिया औपचारिक र नाममात्रको भएको अवस्थामा स्तरीय शिक्षा हुने सक्दैन । निश्चय नै, स्तरीय शिक्षकबाट मात्र शिक्षण सिकाई प्रक्रिया विद्यार्थी केन्द्रित हुन्छ र विद्यार्थीले सहजै सम्वन्धित विषयवस्तुमा तोकिएको सिकाई उपलब्धि हासिल गर्न सक्छन् । शिक्षण संस्था स्तरीय बन्न बनाउन आवश्यक कुराहरुको उपलब्धता नै स्तरीय शिक्षाको आधार बन्न सक्छ ।

ङ . उपलब्धि- सबैले भन्ने र खोज्ने नतिजा नै हो । हरेक कामको अन्तमा देखिने उक्त कामको परिणाम बारे शुरुमै बहस र चर्चा हुने गर्छ । यो स्वभाविक विधि हो । उपलब्धि नहुने काम कसैले गर्दैन । शैक्षिक उपलब्धिलाई शिक्षाको राष्ट्रिय उद्देश्य संग जोड्नै पर्दछ । राष्ट्रिय उद्देश्य हासिल गर्नु नै शिक्षाको उपलब्धि मानिएको छ । सरकारले शिक्षामा किटानीका साथ विषयगत र तहगत लक्ष्य निर्धारण गरेको हुन्छ । जब, शिक्षाको राष्ट्रिय उद्देश्य हासिल हुन्छ तब शिक्षा प्रणाली सफल भएको मानिन्छ । शिक्षार्थीले प्राप्त गर्ने ज्ञान र सीप नै प्रमुख उपलब्धि मानिने परम्परागत सन्दर्भमा व्यक्तिगत चरित्र, दक्षता, सक्षमता, तोंकिएको सीप, योग्यता संगै राष्ट्रप्रेमको सबाललाई उपलब्धिका रुपमा हेर्ने बुझ्ने गरिएको छ ।

अन्तमा, युएनको दिगो विकासका लक्ष्यमा निर्धारण गरिएका आवश्यक कुराहरुको क्रममा चौथो फ्याक्टर शिक्षाले गरिबिको अन्त्यका लागि स्तरीय शिक्षा हुनैपर्नेमा जोड दिएको छ । संगै स्तरीय शिक्षामा समावेशिता र समता अर्को महत्वपूर्ण शर्त राख्दै सबैका लागि जिवन पर्यन्त सिकाईका अवसरहरुको उपलब्धतालाई स्तरीय शिक्षा मातहत प्रस्तुत गरिएको छ । राष्ट्र संघले शैक्षिक स्तरीयताको लक्ष्य भनेको पूर्व प्राथमिक तहको शिक्षामा सबैको सहज पहुँचलाई पहिलो शर्त भन्दै प्राथमिक र माध्यमिक तहको शिक्षा नि:शुल्क हुनैपर्नेमा जोड दिएको छ । त्यस्तै प्राविधिक तथा व्यवसायिक शिक्षासंगै उच्च एवम् विश्वविद्यालय तहको शिक्षालाई विद्यार्थीको रुची र चाहना बमोजिम ऐच्छिक हुनुपर्ने भन्दै स्तरीय शिक्षाले आधारभूत शिक्षा सबैको सबालमा कमजोरी हुनुहुँदैन भने संदेश प्रस्तुत गरेको छ ।

निश्चित तहको तोकिएका सिकाई उपलब्धि हासिल नभएको अवस्थामा स्तरीय शिक्षा भन्न नसकिने तथ्यलाई बारम्बार दोहर्याउँदै स्तरीय शिक्षाका लागि विभिन्न समयमा भएका शैक्षिक सम्मेलनका घोषणा र सहमतीमा जनाईएका हस्ताक्षरको कार्यान्वयनमा गम्भिर चासो व्यक्त भएका तथ्यहरु स्मरण योग्य छन् । सन्दर्भलाई साक्षर नेपाल र बालमैत्री स्थानियतह घोषणा कार्यक्रमहरु संग जोड्दै वैदेशिक अनुदान प्राप्ती तथा सो को अधिकतम दुरुपयोग र बिदेश भ्रमणका लागि मात्र अन्तर्राष्ट्रियस्तरका सम्मेलन अनि सेमिनारहरुमा सहमतीका हस्ताक्षर गर्दै कार्यान्वयनमा झारा टार्ने सरकारी प्रवृत्तिको अन्त्य हाम्रो अपेक्षा हो ।

राजनीतिक अस्थिरताको जोखिम

✍ प्रदीप ज्ञवाली

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न भएर सरकार गठनको औपचारिक प्रक्रिया सुरु भइसकेको छ । निर्धारित समयभित्रै निर्वाचन हुनु र नयाँ जनप्रतिनिधि निकायहरू स्थापना हुनु आफैंमा सकारात्मक परिघटना हो ।

परन्तु निर्वाचन परिणाम र प्रतिनिधि सभा (प्रदेशसभाहरू पनि) को संरचनाले भने राष्ट्रिय राजनीतिमा अस्थिरताको जोखिमलाई बढाएको छ । अस्थिरताका बीचमा लोकतन्त्रको रक्षा र विकास कसरी गर्ने भन्ने चुनौती थपिएको छ ।

अस्पष्ट जनादेश

मुलुकले राजनीतिक स्थिरता खोजेको थियो, तर निर्वाचनपछि स्थायित्वको आधार भने झनै कमजोर बनेको छ । दुईतिहाइ ल्याउने उद्घोष गर्दै पाँच दल र १५० भन्दा बढी सांसदहरूको संख्या बोकेर निर्वाचनमा सहभागी भएको सत्ता गठबन्धन सामान्य बहुमत पुऱ्याउनसम्म असफल भएको छ । मूलत: एकै निर्वाचनमा होमिएको नेकपा (एमाले) पनि लोकप्रिय मतमा पहिलो हुनुका बावजुद प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल बन्न सकेन । सात राष्ट्रियसहित १२ दलको उपस्थिति रहेको प्रतिनिधिसभा आफैंमा राजनीतिक अस्थिरताको कारक बन्न सक्ने आशंका बढेर गएको छ ।

लोकतन्त्रका मुख्य संवाहक दलहरूको जनाधारको संकुचन, नयाँ दलहरूको उदय र पाँच-छ दल नमिल्दासम्म सरकार बनाउन चाहिने न्यूनतम संख्या पनि नपुग्ने स्थिति निर्वाचनले सृजना गरेको नयाँ परिदृश्य हो । नीति र नैतिकतामाथि आधारित सहकार्यको परम्परा रहेको भए धेरै दलको उपस्थितिले खासै समस्या पार्ने थिएन । तर हामीकहाँ सहकार्यको संस्कृति एकदमै कमजोर छ र जेजति गठबन्धन बनेका छन्, तिनीहरू नितान्त सत्तास्वार्थमा केन्द्रित छन् । अन्यथा संघीयता खारेज गर्नुपर्छ भन्ने राष्ट्रिय जनमोर्चा र अहिलेका प्रदेशहरूको संख्या, सीमांकन र अधिकार सबै बदल्नुपर्छ भन्ने मधेशकेन्द्रित दलहरू एकै ठाउँमा उभिने थिएनन् संसदीय व्यवस्था अपरिवर्तनीय छ भन्ने नेपाली कांग्रेस र यो व्यवस्था नै अग्रगतिको बाधक हो भन्ने माओवादी केन्द्रको गठबन्धन कसिलो बन्ने थिएन । अन्यको हकमा पनि यही लागू हुन्छ ।

राजनीतिक विकृतिका संकेत

संसदको यस्तो बनोटसँगै सत्ताका लागि उदेकलाग्दो मोलमोलाइ सुरु भइसकेको छ । ३ प्रतिशतको थ्रेसहोल्ड कटाउन नसकेर राष्ट्रिय



पार्टीसम्म बन्न असफल र दलका हिसाबले जमानत जफत भएको एउटा समूह आगामी पाँच वर्षभित्र कमतीमा एक वर्ष प्रधानमन्त्री पद पाउनुपर्छ भनेर मोलमोलाई गर्दैछ भने ११ प्रतिशतको हाराहारीमा सांसद संख्या भएको पार्टी कि त पहिलो पालोमा प्रधानमन्त्री, होइन भने राष्ट्रपति चाहियो भन्दै दबाब बढाइरहेको छ । सत्ता गठबन्धनलाई सरकार बनाउन न्यूनतम संख्या पुऱ्याउन सबने हैसियतमा रहेका साना दलहरू कोही फौजदारी अभियोगमा थुनामा रहेका नेताहरूको रिझ्नलाई सर्त बनाइरहेका छन् भने कोही कम्तीमा तीनवटा मन्त्रालयको सर्त तेर्स्याइरहेका छन् । सरकार गठनमा मुख्य दलहरूको भन्दा साना दलहरूको भूमिका निर्णायक बन्नु शुभसंकेत होइन ।

निर्वाचन सकिएको महिनादिन नपुग्दै देखिएका यस परिदृश्यका आधारमा आगामी पाँच वर्ष नेपाली राजनीति कुन हदसम्मको विकृति र बेथितिको सामना गर्न बाध्य होला भन्ने पूर्वानुमान गर्न सकिन्छ । त्यसै पनि प्रादेशिक संरचनाप्रति जनगुनासो बढ्दो छ । समानुपातिक निर्वाचन प्रणालीका नाममा देखा परेका विसंगतिप्रति समाजमा आलोचना वृद्धि भएको छ । धर्मनिरपेक्षतालाई धर्मान्तरण र नेपाली समाजका मौलिक मूल्यहरूको विरोधको अर्थमा प्रयोग गर्न थालिएपछि धार्मिक सहिष्णुता, सांस्कृतिक साहचर्य र सौहार्दको पर्यायका रूपमा रहेको नेपाली समाज भित्रभित्रै प्रतिक्रिया-उन्मुख हुन थालेको छ । अनि शासकीय अक्षमता, सेवाप्रवाहमा जनताले भोगिरहनुपरेका सास्ती र राजनीतिक मूल्यहरूको स्खलनले भित्रभित्रै जनअसन्तोषलाई बढाइरहेका छन् । राजनीतिक अस्थिरता, सत्ताका लागि हुने नीतिविहीन लेनदेन र जनताप्रतिको बेवास्ताले आगामी दिनमा यी असन्तुष्टिहरूलाई झनै बढाउने देखिन्छ । आज निश्चित नेताहरूप्रति देखिएको वितृष्णा क्रमश: दलहरूप्रति र दलहरूप्रतिको असन्तुष्टि व्यवस्थाकै विरुद्ध बढ्दै जाने जोखिम देखिन्छ ।

२०४६ सालको परिवर्तन आफैंमा महत्त्वपूर्ण थियो । तर त्यसले स्थापना गरेको शासन व्यवस्थाभित्र २०५२ पछि जेजस्ता खराबीहरू झाँगिँदै गए, तिनले जनतामा वितृष्णा बढाउँदै लगे । त्यसका विरुद्ध उग्रवाम र उग्रदक्षिण कित्तामा रहेको अतिवादले फरक-फरक कोणबाट हमला चर्कायो । जनताबाट कट्दै गएको त्यस व्यवस्थाले आफूमाथिका हमलाको सामना गर्न नसकेको निकट अतीतको स्मृति ताजै छ । २०६२-६३ को आन्दोलनमार्फत ल्याइएको परिवर्तन र नेपालको संविधानमार्फत संस्थागत गरिएको लोकतान्त्रिक गणतन्त्रको आयतन र गहिराइ त्योभन्दा पनि ठूलो छ । तर जनताले खोजेको परिणाम दिन सकिएन भने कुनै पनि प्रणाली दस्तावेजीय रूपमा श्रेष्ठ भए पनि दिगो बन्न सक्दैन । अस्थिरताको यो तुर्वालोभित्र आगामी दिनमा जनअपेक्षामाथि झनै आघात पुग्ने स्पष्ट देखिन्छ ।

राष्ट्रिय हितको रक्षा, संकटग्रस्त अर्थतन्त्र र सुशासनका चुनौती

निर्वाचनको मतगणना हुँदै गर्दा कतिपय विदेशी कूटनीतिज्ञले नेताहरूकहाँ गरेको घरदैलो शोभनीय थिएन । तर यो क्रम रोकिएको छैन । दुई छिमेकी राष्ट्रहरूबीच बढ्दै गएको अस्वस्थ प्रतिस्पर्धा एवं दक्षिण एसियामा बढी नै चासो राख्न थालेका 'सुदूर छिमेकी' हरूको समेत सक्रियताले आगामी दिनमा नेपालमा भूराजनीतिक प्रतिस्पर्धाको बाछिटा झनै बाक्लिनेछ । राष्ट्रिय हितको रक्षा आगामी दिनमा झनै चुनौतीपूर्ण बन्ने देखिन्छ ।

दुर्भाग्य, यति नै बेला कतिपय दल बाह्य शक्तिहरूको आशीर्वाद पाउन र 'कम्फर्टेबल' बन्न प्रतिस्पर्धा गरिरहेका छन् । मुलुकको अर्थतन्त्र निकै अप्ठ्यारो मोडबाट गुज्रिरहेको छ । चुलिंदो व्यापार घाटाह ओरालो लाग्दो आन्तरिक उत्पादन तरलताको अभाव राजस्वले कर्मचारीलाई तलब खुवाउन पनि नपुग्ने कहालीलाग्दो अवस्था भयावह महँगी र अर्थ मन्त्रालयको अनुत्तरदायी, विभेदकारी र विसंगत नेतृत्वका कारण संकट गहिरिँदो छ । पुँजी पलायन तीव्र भएको छ । व्यवसायीहरू एकदमै हताश देखिन्छन् ।

सेवाप्रवाह गर्ने कार्यालयअगाडि लागेको लामो लाइन, सामान्य विषयका लागि पनि सेवाग्राहीले भोग्नुपर्ने सास्ती, अलपत्र विकास परियोजना, स्वास्थ्य बिमाजस्ता जनहितसँग जोडिएका सेवासमेतको कटौती, अस्तव्यस्त उच्च शिक्षा आदिले जनअसन्तुष्टिलाई निरन्तर बढाइरहेका छन् ।

यस्तो बेला राष्ट्रिय हितको रक्षा, संकटग्रस्त अर्थतन्त्रको समाधान र सुशासनका विषयलाई सम्बोधन गर्न राजनीतिक स्थायित्व र उपलब्धिहरूको रक्षाका लागि नेकपा (एमाले) र नेपाली कांग्रेसजस्ता मुख्य राजनीतिक दलहरूका बीचमा छलफल, संवाद र न्यूनतम समझदारी कायम गरिनुपर्ने हो । तर प्रतिशोध, निषेध र राजनीतिक द्वन्द्वको बाटो हिँडिरहेको नेपाली कांग्रेस आँखैअगाडि उपस्थित यी चुनौतीप्रति बेखबर देखिन्छ । हिजो कथित प्रतिगमनको विरोधका नाममा निर्माण गरिएको भाथ र त्यसका आधारमा निर्माण गरिएको समीकरण व्यर्थ साबित भइसक्दा पनि ऊ नयाँ ढंगले सोच्न तयार देखिँदैन ।

पुराना पार्टीहरूको आलोचनाको जगमा खडा भएका र हिजो प्रश्न गर्ने ठाउँमा रहेका नयाँ दलहरूको भूमिका आफैं जवाफ दिने ठाउँमा आइपुग्दा के हुन्छ, स्पष्ट छैन । सधैंभरि अरूको आलोचना र जनगुनासोको जगमा उभिएको शक्ति यदि आफूले रचनात्मक भूमिका खेल्न र विकल्प दिन सकेन भने दिगो हुन सक्दैन भन्ने कुरा २०६४ को माओवादी, २०७२ को नयाँ शक्ति र २०७४ का साझा र विवेकशीलको नियतिबाटै स्पष्ट हुन्छ । आशा गरौं, इतिहासबाट उनीहरूले महत्वपूर्ण पाठ सिक्नेछन् ।

सत्तापक्षले खडा गरेको यावत् घेराबन्दी, सत्ताको चरम दुरुपयोग र कतिपय मिडियाको एकोहोरो आक्रमणका बीचमा पनि लोकप्रिय मतमा पहिलो शक्ति बन्नु नेकपा (एमाले)को महत्वपूर्ण उपलब्धि हो । तर यत्तिमा आत्ममुग्ध हुन मिल्दैन । वामपन्थी आन्दोलनलाई समाप्त पारेर पुँजीवादी शक्तिलाई बलियो बनाउन मुख्य भूमिका खेल्ने दक्षिणपन्थी अवसर वादलाई परास्त गर्न एक हदसम्म सफल भए पनि संगठनात्मक अराजकतालाई भने पार्टीले नियन्त्रण गर्न सकेन । यसका अलावा, सहरी जनमत, युवा पुस्ता र प्रवासी नेपालीहरूजस्तो पार्टीको मुख्य जनाधार खस्किनु गम्भीर र चिन्ताको विषय हो । राष्ट्रिय राजनीतिका चुनौतीहरूको सामनाका लागि सबैभन्दा पहिले पार्टीलाई वैचारिक रूपमा स्पष्ट, संगठनात्मक रूपमा चुस्त र जनसरोकारका मुद्दाहरूको संवाहक बनाउनु अत्यन्त जरुरी छ । सत्ता गठबन्धन आफ्नै संकटका कारण विघटन भएर नयाँ परिस्थिति निर्माण भएबाहेक सामान्यतया नेकपा (एमाले) को स्थान यस पटकलाई प्रतिपक्ष नै हो । यसलाई सहज रूपमा स्वीकार गर्दै राष्ट्रियताको बलियो पहरेदार, लोकतन्त्रको रक्षक, जनताका हितका लागि अग्रमोर्चाको योद्धा र सामाजिक-आर्थिक रूपान्तरणको संवाहकका रूपमा पार्टीलाई स्थापित गर्नु आजको आवश्यकता हो । *(साभार: ई-कान्तिपुर)*

बुढीचौरमा मौरीपालनसँगै घार बनाउँदै स्याङ्तान

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ मकवानपुरगढी गाउँपालिकामा समुन्द्री सतहबाट सबैभन्दा उचाईमा बसोबास रहेको बुढीचौर क्षेत्रले कृषि उत्पादनमा प्रचुर सम्भावना बोकेको छ ।

मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रख्यात बुढीचौरमा यसैवर्षदेखि दुध संकलन पनि सुरु भएको छ । पशुपालनबाट आयआर्जनमा उल्लेख्य उपलब्धि हुने भएपछि बुढीचौरका किसान दुध संकलन गर्ने कार्यमा अगाडि बढेका हुन् । यसअघि बुढीचौरमा तरकारी खेती मात्रै हुँदै आएको थियो । चिसो ठाउँ भएकाले बुढीचौरमा अब तरकारी मात्र नभई दुध उत्पादनमा पनि सम्भावना देखिएको हो । बुढीचौरमा नयाँ व्यवसायका रुपमा मौरीपालन पनि सुरु गरिएको छ । मकवानपुरगढी-८, स्थित बुढीचौरको इपाखहरेमा स्थानीय कृषक छोयसाङ दोर्जे स्याङ्तानले व्यवसायिक मौरीपालन सुरु गरेका हुन् ।

विभिन्न स्थानका मौरी व्यवसायीहरुसँगको छलफल र स्थलगत अवलोकनसँगै व्यवहारिक सिकाईपछि स्याङ्तानले मौरीपालन गर्न सुरु गरेको बताए । आफ्नै गाउँमा मौरीपालन तथा मौरी घार

उद्योग संचालनको लागि राम्रो सम्भावना देखेका स्याङ्तानले मौरीपालनसँगै मौरीको लागि घार र स्ट्याण्ड बनाउने कार्यकोसमेत सुरुवात गरेका छन् ।

घरमै मौरीपालन गर्न खोज्ने किसानलाई घार र घारको टेको अभाव हुँदै आएकोमा अब स्याङ्तानले अभाव हटाउने गरी काम गरेका हुन् । उनले मौरीको घार पनि बिक्री वितरण गर्ने बताएका छन् । उनले हालसम्म २५ वटा घार निर्माण गरिसकेको गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए ।

गाउँपालिकाकाको कृषि शाखाले बुढीचौरको मौरीपालनको निरीक्षण गरेको छ । बुढीचौर क्षेत्रलाई मौरीपालन व्यवसायको विस्तार र व्यवस्थित गर्ने विषयमा सरकारी, सहकारी, निजी क्षेत्र र स्थानीय कृषकहरुको सहकार्यमा अगाडि बढाउन पहल गरिने चौधरीले बताए । तरकारी खेती र पशुपालनका लागि उपयुक्त रहेको बुढीचौरमा मौरी पालनको पनि उत्तिकै सम्भावना रहेको चौधरीले बताए ।

सुनगाभा सहकारी तथा स्कूलको २० औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ हेटौडा-६ चौघडामा रहेको सुनगाभा बहुउद्देश्यीय सहकारी संस्था तथा सुनगाभा शिक्षा निकेतन ईङलिश स्कूलको २० औं वार्षिक साधारणसभा आईतवार सम्पन्न भएको छ ।

प्यावसन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा संस्थाका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष रामहरि चौलागाईले आव. ०७९/०८० को लागि २ करोड २४ लाखको आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक कुमारमणी दहालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए । साधारण सभामा हेटौंडा-६ का वडा अध्यक्ष विष्णु बहादुर दाहाल, निवर्तमान वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाई, विद्यालयका संस्थापक अध्यक्ष बासुदेव अधिकारी, राष्ट्रिय सहकारी बैंक हेटौडा शाखा प्रमुख रामेश्वर अर्याल, बंशगोपाल माविका प्रअ रमेशप्रसाद लामिछाने, संस्थाका उपाध्यक्ष साधुराम चौलागाई, शिक्षाविद बद्री बहादुर पाठक, संस्थाका सचिव नारायणप्रसाद अधिकारी, सञ्चालक सदस्य हिमाल पौडेल, सञ्चाकर्मी भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो । कक्षा १० सम्म पढाई हुने यस विद्यालमा करीव ७ सय विद्यार्थीहरु अध्ययनरत रहेको प्रिन्सिपल अरुण पराजुलील बताए ।

मकवानपुरबाट जेसीज केन्द्रीय पदाधिकारी ३ जना

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ मकवानपुरबाट प्रतिनिधित्व गर्ने तीन जना नेपाल जेसीजको केन्द्रीय पदाधिकारीमा निर्वाचित भएका छन् । बीरगञ्जमा भएको जेसीजको राष्ट्रिय महाधिवेशनबाट तीन जनाले स्थान बनाउन सकेका हुन् ।

जेसीजको राष्ट्रिय कार्यकारिणी उपाध्यक्षमा हेटौंडा लेडी जेसीजकी पूर्वअध्यक्ष रश्मी बस्नेत निर्वाचित भएकी छन् । उपाध्यक्षहरुका बस्तिपुर जेसीजका रमेश उप्रेती तथा बसामाडी जेसीजका पूर्वअध्यक्ष सरोज अधिकारी विजयी भएका छन् ।

निर्मल माविले मनायो स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माविले स्थापना दिवसको अवसरमा ३ दिवसीय विविध कार्यक्रम गरेको छ ।

विद्यालयले आफ्नो ४७ औं स्थापना दिवसको अवसरमा ३ दिवसीय विविध कार्यक्रम गरेको हो । पुस ७ गते विद्यालयस्तरीय विद्यार्थी हाजिरीजवाफ प्रतियोगिता, खेलकुदसँगै रक्तदान कार्यक्रम समेत गरिएको छ । ८ गते वडाध्यक्ष नरनाथ सवेदीबाट उद्घाटन भएको रक्तदानमा ३२ जनाबाट रक्तदान गरेका थिए । विद्यालय प्रअ प्रवोध बिडारीबाट दीप प्रज्ज्वलन गरी विद्यालय स्थापना दिवस भव्यरुपमा मनाइएको छ । ९ गते अल्फा पोलिक्लिनिक, हेटौंडा-१ को प्राविधिक सहयोगमा वडाध्यक्ष सुवेदीबाट स्वास्थ शिविर उद्घाटन गरिएको थियो ।

कार्यक्रममा वडाध्यक्ष सुबेदीलगायत २ सय ९८ जनाको निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिएको थियो । स्वास्थ्य शिविरमा हाड तथा नसारोग, स्त्री तथा प्रसुति, दन्तरोग विशेषज्ञ तथा जनरल फिजिसियनद्वारा सेवा प्रदान गरिएको थियो ।

हराएको ३४ दिनपछि सेप्टि ट्यांकीमा भेटियो किशोरको शव

वीरगञ्ज/वीरगञ्जमा मंसिर ५ गतेदेखि हराएका एक युवकको शव भेटिएको छ । वीरगञ्ज महानगरपालिका- २५ सिर्सिया खल्वाटोलाका १५ वर्षीय निरज कुमार पासवानको शव भेटिएको हो । गुरुकुल पन्ना इंगलिस स्कुलको पुरानो भवन अगाडिको सेप्टिक ट्यांकीमा आइतबार साँझ निरजको शव भेटिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले सेप्टि ट्यांकीको रिङ भित्रबाट शव निकालिएको जानकारी दिए । 'घाँटी र खुट्टा बाँधेर डल्लो बनाएर शव सेप्टी ट्यांकीको रिङभित्र छिराइएको रहेछ', उनले भने, 'त्यसमाथि माटो भरिएको बोरा र माटोले छोपिएको रहेछ । आज खोतलेर शव निकालेका छौं ।'

निरजका बाबु श्रीमानको वीरगञ्जको मीना बजारमा मासु पसल छ । निरज मंसिर ५ गतेदेखि हराएको भन्दै भोलिपल्ट अभिभावकले प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिएका थिए । पुस १ गते निरजको परिवारले उनको अपहरण भएको र अपहरणकारीले ५० लाख रुपैयाँ फिरौती मागेको भन्दै प्रहरीलाई लिखित जानकारी गराएका थिए । अपरिचित व्यक्तिले बुवा श्रीमान पासवानको मोबाइलमा फोन गरेर ५० लाख रुपैया फिरौती माग गरेको उजुरीमा उल्लेख थियो ।

मोबाइल एसोसिएसनमा चौलागाई प्यानल विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ मोबाईल एसोसिएसन अफ नेपाल मकवानपुरको छैटौं अधिवेसनबाट अध्यक्ष नवराज चौलागाईको प्यानल नै विजयी भएको छ ।

निर्वाचनबाट टुंगिएको नयाँ कार्यसमिति अध्यक्ष चौलागाई निर्वाचित भए । कार्यसमितिमा चौलागाईको प्यानल नै विजयी भएका हुन् । चौलागाईले प्रतिस्पर्धी कुमारमणि त्रिपाटीलाई ५४ मतअन्तरले पराजित गरे । चौलागाईले ८६ मत ल्याउँदा त्रिपाटीले ३२ मतमै खुम्चिए । एक मत भने बदर भएको थियो ।

एसोसिएसनको वरिष्ठ उपाध्यक्षमा हरिप्रसाद न्यौपाने ८४ मतसहित विजयी भए । प्रतिद्वन्द्वी कृष्ण सागर श्रेष्ठले ३५ मत मात्रै पाए । उपाध्यक्षमा रोहिणी प्रसाद गौतम ८२ मत प्राप्त गर्दै विजयी भएका छन् । उनको प्रतिस्पर्धी अनिल दास बनियाँले ३७ मत मात्रै ल्याए ।

महासचिवमा राजकुमार दाहालले ७४ मत पाउँदै विजय

हासिल गरे । उनको प्रतिस्पर्धी मिलन स्याङ्तानले ४५ मत प्राप्त गरेका थिए । सचिव पदमा भने लक्ष्मण न्यौपाने र नवराज त्रिपाटी प्रतिस्पर्धामा उत्रेका थिए । जसमा न्यौपानेले ८५ मत र त्रिपाठीले ३४ मत प्राप्त गरेका थिए । कोषाध्यक्षमा शिवराज बास्तोला र सहकोषाध्यक्ष अमोद बानियाँ निर्विरोध निर्वाचित भएका छन् । उनीहरु दुबै उम्मेदवार चौलागाई प्यानलका थिए । एसोसिएसनको ६ पदको सदस्यका लागि ११ जनाले प्रतिस्पर्धा गरेका थिए ।

जसमा एदिस रिजालले १ सय २ मत, जीवनाथ अधिकारीले ९२ मत, सुमन रायमाझीले ९१ मत, पुष्पराज गौतमले ८४ मत, सुनील प्रसाद सुवेदीले ७७, सुरेश लामा वाईवाले ७१ मत प्राप्त गर्दै निर्वाचित भएका छन् । मुन्ना आलम (भान्जा)ले २७ मत, अदाम हुसेन ५६ मत, मुकेश कुमार बानियाँले ४७ मत, सतेन्द्र कुमार केशरीले २२ मत र उज्वल साहले १९ मत प्राप्त गरेको र २ मत बदर भएको निर्वाचन आयुक्त एसिस रिजालले जानकारी दिए ।

तीन सय जनाले गराए निःशुल्क स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा उपमहानगरपालिका-१९ बस्तिपुरमा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरमा तीन सय जनाले स्वास्थ्य परिक्षण गराएका छन् ।

हेटौंडाको अल्फा पोलिक्लिनिकले बस्तिपुरक्षेत्रलाई लक्षित गरी निःशुल्क दन्त परिक्षण, महिला सम्बन्धि, फिजिसियन र हाडजोर्नी तथा नशा सम्बन्धि स्वास्थ्य परीक्षण गरिएको थियो । दन्त शिविरमा भने एसके समाज डेण्टल हस्पिटलले गरेको थियो । स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. ज्याती मुडवरी, वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. आशुतोष कुमार दास, जनरल फिजिसियन डा. रविन्द्रनाथ चौरसिया सहितको प्राविधिक टोलीले

परीक्षण गरिएको पोलिक्लिनिक सञ्चालक सविना विडारीले बताइन् ।

निर्मल माध्यामिक विद्यालय परिसरमा भएको स्वास्थ्य शिविरमा वडा १९ का वडा अध्यक्ष नरनाथ सुवेदीले पनि आफ्नो स्वास्थ्य परीक्षण गरेका थिए । उनले शिविरले धेरै स्वास्थ्यको कुरा थाहा पाउनुका साथै आर्थिक कमजोर भएकालाई सहज वातावरण बन्ने भन्दै आयोजकलाई धन्यवाद दिएका थिए । शिविरमा स्वास्थ्य परीक्षणमा ल्याब, मुटु परिक्षण र निःशुल्क औषधिहरु पनि वितरण गरिएको विद्यालयका प्रधानाध्यापक प्रमोद विडारीले जानकारी दिए ।

चौकिटोलमा मनाइयो क्रिस्मस पर्व

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/ क्रिश्चियन धर्मालम्बीहरूले आइतबार प्रभु येशु क्रिष्टको जन्मदिनको अवसरमा देशव्यापी विविध कार्यक्रम गरी मनाएका छन् ।

यस क्रममा हेटौडामा पनि विभिन्न चर्चहरूले विविध कार्यक्रम गरी क्रिसमस पर्व मनाएका हुन् । हेटौंडा-१ को चौकिटोल चर्चमा पनि विभिन्न कार्यक्रम गरि क्रिस्मस डे मनाइएको छ ।

कार्यक्रममा चर्चका भाइबहिनीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । जसमा सास्कृतिक कार्यक्रमको सञ्चालन आरधाना सुनवारले गरेकी थिइन् ।

भने कार्यक्रमको संचालन स्थानीय मण्डलीका पास्टर राम बहादुर स्याङ्तानले गरेका थिए । किस्मसको बाटोमा प्रवचन पास्टर तथा कभनेन्ट इन्टरनेशनल बाइबल कलेजका प्रिन्सीपल प्रेम जोन भोलोनले गरेका थिए ।

कार्यक्रममा येशुको शिक्षा एवं उपदेशको चर्चा गरिनुका साथै प्रेम प्रकट गर्दै उपहार आदान-प्रदान गर्दै, शान्ति, सद्भाव, समृद्धि र सु-स्वास्थ्यको कामना गरिएको थियो। कार्यक्रममा स्थानीय, र छरछिमेकी तथा चर्चका विश्वासीहरुको वाक्लो उपस्तथीति रहेको थियो।

ओली-प्रचण्ड : सत्ताले फुटायो, सत्ताले जुटायो

काठमाडौं/नेपाली कांग्रेस नेतृत्वको गठबन्धनबाटै सरकार बनाउने लामो गृहकार्य त्यागेर बालुवाटारबाट बाहिरिएको पाँच घण्टाभित्रै पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएका छन् । नेपाली कांग्रेससँग कुरा नमिलेपछि बालुवाटारबाट आइतबार मध्यान्ह बैठक छोडेर हिँडेका प्रचण्ड केहीबेर आफ्नै निवास खुमलटारमा बसेका थिए ।

त्यतिबेलासम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नयाँ सत्ता समीकरणका लागि आवश्यक संख्या जुटाइसकेका थिए । प्रचण्ड भन्दा अगाडि नै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङदेन र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेले बालकोट पुगेर ओलीसँग सम्वाद गर्नुले एमालेको पहलकदमी प्रष्ट हुन्छ । जनता समाजवादी पार्टीका नेता अशोक राई र प्रचण्ड सँगसँगै जस्तो बालकोट पुगे ।

एमाले र माओवादी केन्द्रका दोस्रो तहका नेताहरुको समन्वयमा सत्ता बाँडफाडँबारे मोटामोटी कुरा मिलिसकेकाले बालकोटमा प्रचण्ड नेतृत्वको सरकारलाई आवश्यक सिट संख्या जुटाउने काम भयो । छलफलकै क्रममा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउत र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ पनि बालकोट पुगे ।

'प्रचण्ड कमरेडको नेतृत्वमा सरकार बनाउन संसदको बहुमत भन्दा धेरै सांसदको समर्थन पुगेको छ । बाँकी छलफल क्रमशः गर्छौं', माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन भन्छन् । प्रचण्डलाई प्रधानमन्त्री बनाउन स्वतन्त्र हैसियतमा सांसद निर्वाचित अमरेशकुमार सिंह, प्रभु साह र किरणकुमार साह्रले समेत समर्थन गरेकाले नयाँ सरकारको पक्षमा सांसद संख्या १६९ पुगेको छ ।

सरकार बनाउन प्रष्ट बहुमत जुटेपछि प्रचण्ड, राष्ट्रपतिले संविधानको धारा ७६ (२) बमोजिम संयुक्त सरकार गठनका लागि दिएको एक हप्ताको समय सकिनु अगावै (आइतबार कार्यालय समय) शीतलनिवास पुगे । उनलाई राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार नै प्रधानमन्त्री नियुक्त गरिन् ।

आइतबारको दृष्यलाई मात्रै हेर्दा लगभग नाटकीय यूटर्न मारेर प्रचण्ड प्रधानमन्त्री बन्नु राष्ट्रिय राजनीतिका निम्ति मात्रै नभएर नेपालको संसदीय इतिहासमै नौलो घटना हुन पुगेको छ ।

यसअघिका नजीर भनेको संसदको सबैभन्दा ठूलो दलले नै पहिलो सरकार बनाउने गरेको छ । २०१५ मा बीपी केइराला, २०४८ मा गिरिजाप्रसाद कोइराला, २०५१ मा मनमोहन अधिकारी, २०५६ मा कृष्णप्रसाद भट्टराई, २०६४ मा पुष्पकमल दाहाल प्रचण्ड, २०७० मा सुशील कोइराला र ०७४ मा केपी

ओली सबभन्दा ठूलो दलको हैसियतमा प्रधानमन्त्री बनेका थिए ।

सँगै, सबैभन्दा ठूलो दललाई बाहिर राखेर सरकार बनेको यो पाँचौं पटक हो । २०५१ मा मनमोहनको सरकारपछि कांग्रेस र राप्रपाका नेताहरू प्रधानमन्त्री भएका थिए । ०६४ मा प्रचण्डले नौ महिनामै राजीनामा दिएपछि एमालेका माधव नेपाल र झलनाथ खनालहरु प्रधानमन्त्री भए । ०७८ मा संविधान जारी भएपछि कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालालाई हराएरै ओली प्रधानमन्त्री भए । ०७४ मा सबैभन्दा ठूलो दल बनेपनि ओलीलाई विस्थापित गर्दै २९ असार २०७८ मा देउवा नेतृत्वमा गठबन्धनको सरकार बनेको थियो ।

यसपटक देउवाले भने सबैभन्दा ठूलो दलको हैसियतमा प्रधानमन्त्रीमा दाबी गर्ने अवसर समेत पाएनन् । अन्तिम समयमा माओवादी केन्द्रले समीकरण बदल्दा कांग्रेसले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखसहित संघ र सातै प्रदेशको सरकार गुमाउनुपर्ने समीकरण तयार भएको छ । राष्ट्रपति एमालेले लिंदा प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने सैद्धान्तिक सहमति समेत जुटेको छ ।

'यो अचानक भएको घटना होइन, योजनाबद्ध र बुद्धिमतापूर्ण कदम चालेका थियौं' एमाले सचिव योगेश भट्टराई भन्छन्, 'किनकि हामीले कांग्रेस नेताहरुको स्वार्थ राम्रोसँग बुझेका थियौं ।' चुनाव लगत्तैबाट वाम नेतृत्वको सरकार बनाउने गृहकार्य सुरु भएको उनी बताउँछन्, तर उत्कर्षमा लैजाने काम भने केही घण्टामा भयो ।

एक नेताका अनुसार, कांग्रेस नेतृत्वको गठबन्धन गरेर चुनावमा भाग लिंदा अपेक्षित नतिजा नआएकाले माओवादी केन्द्रका नेताहरु नारायणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, देव गुरुङ, वर्षमान पुन र अग्नि सापकोटा समीकरण बदल्न चाहन्थे । तर चुनावी गठबन्धन गरेका कारण प्रचण्ड कांग्रेससँगै मिलेर जाने पक्षमा उभिए ।

प्रचण्ड कग्रेस नेताहरुसँग सम्वाद गरिरहँदा अरु नेताहरु भने एमालेसँग छलफलमा थिए । पार्टी अध्यक्ष ओलीलाई नै भावी प्रधानमन्त्री बनाउने घोषणासहित चुनावमा होमिएको माओवादीका एक नेताका अनुसार ५ पुसमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का समेत सहभागी भएको एउटा छलफलमा देउवा, प्रचण्डलाई प्रधानमन्त्री छाड्न तयार देखिएका थिए । तर भोलिपल्ट संसदीय दलको नेता चुनिएसँगै देउवाको बोली फेरियो । त्यसपछि एमाले माओवादी नेताहरुको दौडधुप बढ्यो । माओवादी उपाध्यक्ष श्रेष्ठसँग भएको भेटमा एमाले अध्यक्ष ओलीले प्रचण्डले चाहेमा प्रधानमन्त्री बनाउन सहयोग गर्ने, आलोपालोमा ५ वर्ष सरकार चलाउने र चुनावसम्म मिलेर जाने बताएका थिए । *(अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाई, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं,
पाठकको चाहनालाई मध्यनजर गर्दै
परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमाः www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

भीम विराग कला प्रतिष्ठानबाट ६ जना सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान नेपालले ६ जना व्यक्तित्वलाई एउटै मञ्चमा सम्मान गरेको छ ।

प्रतिष्ठानले ६ जना व्यक्तित्वलाई एउटै मञ्चमा प्रादेशिक पुरस्कार समर्पण गर्दै सम्मान गरेको हो । प्रादेशिक पुरस्कार समर्पण समारोहमा प्रमुख अतिथि वरिष्ठ साहित्यकार तुल्सी थापा प्रतिष्ठान अध्यक्ष ह्याग्रीव आचार्य तथा समाजसेवी मुक्ति गोविन्द वैद्य तथा पुरस्कार संस्थापकको तर्फबाट पुरस्कार प्राप्त गर्ने व्यक्तित्वलाई सम्मानित गरेका थिए ।

प्रतिष्ठानको यस वर्षको तुलसीमाया शिवकुमारी सिर्जनशील नारी पुरस्कारबाट मकवानपुरे साहित्यकार भावना सापकोटा सम्मानित भएकी छिन् । सापकोटालाई १० हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिएको हो । सरकारी शिक्षक पेशामा आवद्ध रही साहित्य सिर्जनामा क्रियाशील सापकोटा आँचल साहित्य कला पुञ्ज मकवानपुरकी अध्यक्ष समेत हुन् । प्रतिष्ठानले यस वर्षको चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कारबाट साहित्यकार बासुदेव गुरागाईंलाई सम्मानित भएका छन् । साहित्यमा पिडालु पण्डितको उपनामले चिनिने गुरागाईंलाई १५ हजार रुपैयाँ राशीसहित पुरस्कृत गरिएको हो । गुरागाई नुवाकोटमा जन्मिएर हेटौंडा १८ हर्नामाडीका स्थायी बासिन्दा रहि नेपाल सरकारको सह सचिवबाट सेवा निवृत कर्मचारी हुन । हाल काठमाडौं गोंगबु निवासी गुरागाईका लघुकथा, कविता, हास्यव्यङ्ग्य लगायतका साहित्य सग्रह प्रकाशित छन् ।

यस्तै भीम-मथुरा बाल प्रतिभा पुरस्कार २०७९ बाट हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी छात्रा सुविज्ञा सुवेदी पुरस्कृत भएकी छिन । बालसाहित्यमा सक्रिय सुवेदीलाई प्रदान गरिएको पुरस्कारको राशी ७ हजार ५ सय रुपैयाँ रहेको छ । पुरस्कार समर्पण कार्यक्रममा सुविज्ञा अनुपस्थित रहे पछी उनका बुबा विनोद सुवेदीले पुरस्कार ग्रहण गरेका थिए । यसैगरी विजय बानियाँ स्मृति लोक संगीत पुरस्कार २०७९ मकवानपुरका लोक गायक र विन्द्रकुमार चेपाङलाई प्रदान गरिएको छ । सरिखेत पलासेका स्थायी बालीबाट ५० को दशकमा लिइएको स्वर परीक्षामा समेत सफल गायक हुन । चेपाङलाई २० हजार रुपैयाँ राशीसहित पुरस्कृत गरिएको हो । यसैगरी मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार २०७९ बाट स्वास्थ्यकर्मी बेला वैद्यलाई पुरस्कृत गरिएको छ । वैद्यलाई १० हजार रुपैयाँ राशीको पुरस्कारबाट सम्मानित गरिएको हो । वैद्य स्वास्थ्य सेवामा स्थायी कर्मचारीको रुपमा कार्यरत रही सेवा निवृत कर्मचारी तथा हेटौंडाकी सफल स्वास्थ्य व्यबसायी समेत हुन् ।

यस्तै अजित सेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार हेटौंडा(५, पिप्लेस्थित बालज्योति माविमा कार्यरत दृष्टिविहिन शिक्षक विदुर अधिकारीलाई प्रदान गरिएको छ । दृष्टिविहिन विद्यार्थीलाई नै पढाउँदै आएका अधिकारीलाई १० हजार रुपैयाँ राशीको पुरस्कारबाट सम्मान गरिएको हो । स्थापनाकालदेखि नै साहित्य, संगीत, संस्कृति र कलाका क्षेत्रमा १२ वटा पुरस्कारको व्यवस्थापन गर्दै आएको प्रतिष्ठानले दोस्रो चरणको ६ वटा पुरस्कार आगामी माघ महिनामा प्रदान गर्ने बताइएको छ ।

प्रतिष्ठानले पुष ७ गते बुधबार हेटौंडामा पत्रकार सम्मेलन गरी पहिलो चरणमा विभिन्न क्षेत्रबाट पुरस्कृत हुने ६ जना व्यक्तिको नाम र प्रादेशिक पुरस्कर सार्वजनिक गरेको थियो । पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा पुरस्कार संस्थापक तथा मकवानपुरका विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्ति तथा साहित्यकारहरुको उपस्थित रहेको थियो । वरिष्ठ कलासाधक कवि एवम् गीतकार भीम विरागको व्यक्तित्वप्रति सम्मान स्वरुप भाषा साहित्य र कला क्षेत्रको संरक्षण एवम् संवर्धन गर्ने उद्देश्यले २०५९ सालमा स्थापना भएको प्रतिष्ठानले साहित्य संगीत साँस्कृतिक र कला क्षेत्रमा १२ वटा पुरस्कारको व्यस्थापन गर्दै आएको छ ।

थाहाको ९ नं. वडालाई अन्तर वडा फुटबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा भएको अन्तर वडा स्तरीय फुटबल प्रतियोगितामा ९ नम्बर वडाले उपाधि जितेको छ ।

थाहा नगरपालिका वडा नम्बर ९ ले वडा नम्बर ४ लाई १-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो । ९ नम्बर वडाले नगद ३० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । उपविजेता बनेको ४ नम्बर वडाले नगद १५ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कारमा चित्त बुझाएको छ । वडा नम्बर २ र ३ ले सान्त्वनाको रुपमा नगद ५/५ हजार रुपैयाँ पुरस्कार पाएका छन् । प्रतियोगितामा थाहा नगरपालिका वडा नम्बर ९ का गोल रक्षक रुपेश बलामी उत्कृष्ट गोल रक्षक घोषित हुँदा ९ नम्बर वडाकै सरोज रेग्मी सर्वाधिक गोलकर्ता घोषित भए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी भने वडा नम्बर ४ का सुजन पाखिन घोषित भए । उनीहरुलाई ट्रफी पाएका छन् । प्रतियोगिताको विजेता, उपविजेता तथा उत्कृष्ट खेलाडीहरुलाई थाहानगर प्रमुख विष्णु विष्टले पुरस्कार तथा प्रमाणपत्र वितरणगरे ।

थाहा नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष तथा थाहानगर खेलकुद विकास समितिका सदस्य राजकुमार बलामीको सभाध्यक्षतामा भएको पुरस्कार वितरण तथा समापन कार्यक्रमको विशेष अतिथि नगर उपप्रमुख भरत गोपाली रहेका थिए ।

कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, थाहा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, नगर खेलकुद विकास समितिका सदस्य यादवजंग रायमाझी, बच्चुराम केसी लगायतकाको आतिथ्यता रहेको थियो ।

५ पुसबाट सुरु भएको प्रतियोगितामा वडा नम्बर ५ ले टिम दर्ता नै गरेन भने वडा नम्बर ८ टिम दर्ता गरेपनि प्रतियोगितामा सहभागी नभएपछि १२ मध्ये १० वटा मात्र वडाको टिम प्रतियोगितामा सहभागी भएको खेलकुद विकास समिति थाहानगरका सदस्य यादवजंग रायमाझीले जानकारी दिएका छन् ।

स्थानीय खेलाडीहरुलाई प्रोत्साहन गर्दै २६ पुसबाट थाहानगरमा संचालन हुने थाहा गोल्डकपका लागि खेलाडी छनोटका लागि वार्षिक क्यालेण्डर अनुसार प्रतियोगिताको आयोजना गरिएको थाहा नगर पालिका सामाजिक विकास अधिकृत अनिल लामिछानेले जानकारी दिए । थाहा नगर कृषिसँगै खेलकुदमा पनि अब्बल ठहरिँदै आएको छ । थाहा नगर भलिबलमा जिल्लाकै उत्कृष्ट खेलाडी उत्पादन गर्ने क्षेत्र हो ।

बागमतीमा पाँच महिनाभित्र दुर्घटनाबाट डेढ सय जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/बागमती प्रदेशका१० जिल्लामा पाँच महिनाभित्र सवारी दुर्घटनामा परी झण्डै डेढ सय जनाको मृत्यु भएको छ ।

दुर्घटनामा परेर १ सय ४२ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुर बाहेकका १० जिल्लामा कुल ६ सय ३९ वटा सवारी दुर्घटना भएको थियो । दुर्घटनामा परेर एक हजार ४ सय २३ जना मानिस घाइते भएका छन् । चालू आर्थिक वर्ष २०७९-८० को साउनदेखि मंसिर सम्मको तथ्यांक हो । बागमती प्रदेश प्रहरी कार्यालय मातहतका १० (उपत्यकाका ३ जिल्ला बाहेक) जिल्लाको तथ्यांक मात्र समावेश छ । बागमती प्रदेशमा भएको सवारी दुर्घटनाको कारण विश्लेषण गर्दा अधिकांश सवारी दुर्घटना मानवीय त्रुटिका कारणले हुने गरेको देखिएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

सवारी दुर्घटना यान्त्रिक, मानवीय, वातावरणीय र सडकको भौतिक अवस्था गरी सवारी दुर्घटनाका प्रमुख चारवटा कारण हुने गर्दछन् । जसमा यान्त्रिक, सडकको भौतिक अवस्था र मानवीय त्रुटीले बढी दुर्घटना हुने गरेका छन् । वातावरणीय प्रभावका कारण बढी दुर्घटना हुने समय जेठदेखि भदौसम्मको वर्षातको समय हो । यसैगरी सवारी दुर्घटनामा परी सबैभन्दा बढी २ पांग्रे (मोटर साइकल/स्कुटर) संलग्न रहेको छ । बढी दुर्घटना हुनेमा जीप/कार, ट्रक, ट्याँकर, बस, टेम्पो, माइक्रो, ट्रेक्टर, टिपर संलग्न रहेको देखिन्छ ।

मोटरसाइकल/स्कुटर बढी दुर्घटना हुनुमा मानवीय कारण देखिएका छन् । सडकको अवस्था नबुझी द्रुत गतिमा चलाउने गर्नु, ट्राफिक नियमहरुको पालना नगरी चलाउनु, चालक अनुमतिपत्र नभएका अथवा कम क्षमता भएको सानै उमेरमा चलाउनुले मोटरसाइकल र स्कुटरको बढी दुर्घटना हुने गरेको छ । मोटरसाइकल र स्कुटर दुर्घटनामा बढी युवायुवती परेका छन् ।

हेटौंडाको वडा अध्यक्ष कपमा मिलनटोल टोविस विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १० पुस/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-३ मा भएको वडा अध्यक्ष कप फुटबल प्रतियोगितामा मिलनटोल टोल विकास संस्थाले उपाधि जितेको छ ।

३ नम्बर वडा कार्यालयको आयोजनामा ४ पुसदेखि भएको वडा अध्यक्ष कपको फाइनलमा मिलनटोलले दक्षिणकाली टोल विकास संस्थालाई पराजित गरेको थियो । उपाधि जितेको मिलनटोल टोविसले ३० हजार नगदसहित, ट्रफी, प्रमाणपत्र र मेडल पाएको छ । उपविजेता बनेको दक्षिणकाली टोल विकास संस्थालाई नगद १५ हजार नगदसहित ट्रफी, प्रमाणपत्र र मेडल प्राप्त गरेको छ । उपाधि बिजेता र उपविजेता टिम तथा खेलाडीहरुलाई वडा अध्यक्ष ढलकबहादुर थापा, वडा सदस्य रत्न बहादुर ब्लोन र वडा सदस्य हर्कबहादुर पाखिनले प्रदान गरेका थिए ।

वडाध्यक्ष ढकालले वडाभित्र खेलाडीहरुको पहिचान गर्न प्रतियोगिता गरिएको बताए । उनले वडास्तरीय प्रतियोगिता निरन्तर गर्न सके खेलाडी उत्पादनमा टेवा पुग्ने विश्वास गरे । क्षमतावान खेलाडीहरु उत्पादन भए ३ नम्बर वडाको पहिचान जिल्लाभर पुग्ने उनको भनाई छ । वडा सदस्य रत्नबहादुर ब्लोनले खेलकुद क्षेत्रको विकासका लागि वडा कार्यालयले आगामी दिनमा पनि बजेट व्यवस्थापन गर्दै जाने धारणा राखे ।

प्रतियोगिताको समापन कार्यक्रममा मिलनटोल टोल विकास संस्थाका अध्यक्ष धनबहादुर घलान, दक्षिणकाली टोल विकास संस्थाका अध्यक्ष रामबहादुर थापा मगर, टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष रोशन गोले, वडा खेलकुद विकास समितिका अध्यक्ष भगवान बर्तौलाले मन्तव्य व्यक्त गरेका थिए ।

स्टल बुकिङ्ग खुल्ला गरिएको सूचना

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा २०७९ माघ ११ गतेदेखि २३ गतेसम्म हेटौंडा-१०, टिसिएन चौरमा १०औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९ हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।

औद्योगिक तथा व्यवसायिक बस्तु तथा सेवाहरुको बिक्री तथा प्रवर्द्धनको लागि महोत्सवमा स्टल राख्न ईच्छुकहरुको लागि स्टल बुकिङ्ग खुल्ला गरिएको छ । समयमै बुक गरी आफ्नो स्टल सुरक्षित गर्नुहोला । स्थानीयलाई प्राथमिकता प्रदान गरिनेछ ।

सम्पर्क:
मकवानपुर उद्योग वाणिज्य संघ
हेटौंडा-२, मकवानपुर
सम्पर्क नं. ०५७-५२०३१०/५२३३१०

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापनबोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चार माध्यम र विज्ञापनएजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्कखलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना

स्व. सीता कर्मचार्य

जन्म: १९९६ मंसिर ३०

स्वर्गारोहण: २०७९ मंसिर २८

हेटौंडा मेडिसिन सेन्टर तथा तुलसी पोलिक्लिनिकका संचालक श्री शरद कर्मचार्यको ममतामयी माता **सीता कर्मचार्य**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दुःखी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजु सापकोटा/सुमित्रा सापकोटा
प्रज्ञान घिमिरे/सावित्री घिमिरे
अर्जुन तिमल्सिना/चन्द्रिका तिमल्सिना
एवम्
हेटौंडा मेडिसिन सेन्टर तथा तुलसी पोलिक्लिनिक परिवार

थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाड्जोर्नि तथा नसा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इक्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेराफिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गारिन्छ ।

थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
फोन न.:०५७-५२०३१५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौबीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना